**निर्णयहरु :-**

१. जिल्ला स्थित सबै सरकारी कार्यालयका प्रमुखहरुले कार्यालयसँग सम्बन्धित गुनासोहरुको शिघ्रताका साथ कार्यान्वयन गर्ने । बदलिंदो परिवेशमा सेवा प्रवाहलाइ थप प्रभावकारी बनाउन हरसमय प्रयत्नरत रहने । सेवाप्रवाह गर्दा कतिपय विषयहरु स्थानिय शान्तिसुरक्षासँग जोडिने भएमा सो को तत्कालै रिपोर्टिङ स्थानिय प्रशासन वा प्रहरीमा गर्ने ।

२. भाद्र २३ र २४ गतेको जेन्जी आन्दोलनमा भएको सम्पती क्षतीको विवरण राष्ट्रिय योजना आयोगले निर्दिष्ट गरेको अनलाइन पोर्टलमा अनिवार्य रुपमा प्रविष्टी गर्ने व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने ।

३. भाद्र २३ र २४ गतेको जेन्जी आन्दोलनमा क्षती भएको सार्वजनिक सम्पतीको नियमानुसारको लिलामी प्रकृया यथाशिघ्र प्रारम्भ गर्ने ।

४. आसन्न निर्वाचनका लागि मतदाता नामावली दर्ता तथा अद्यावधिकको कामलाइ प्रभावकारी वनाउन सवै सरकारी कार्यालयहरुले जनस्तरमा सूचना प्रवाह गर्न आवश्यक समन्वय गर्ने ।

५. सूचनाको हक सम्बन्धित कानुन कार्यान्वयन गर्न त्रैमासिक रुपमा सार्वजनिक गर्नुपर्ने स्वत प्रकाशन निर्धारित समयमा प्रकाशन नगरेको भए सार्वजनिक निकायले यथाशिघ्र प्रकाशन गर्ने । उक्त कार्यको जिल्लास्थित सम्बन्धित हुलाक कार्यालयले निरन्तर फलोअप गरि जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा प्रतिवेदन गर्ने ।

६. भौतीक पुर्वाधार विकास/निर्माण सँग सम्बन्धित कार्यालयहरुले आफू मातहतमा ठेक्का भइ सुस्त भौतीक प्रगती भएका वा रुग्ण प्रकृतीका आयोजनाहरु भए सो को विवरण जिल्ला प्रशासन कार्यालयमा तत्काल पठाउने व्यवस्था मिलाउने ।

७. जिल्लास्थित स्थानिय तहहरुले प्रचलित एन नियम कानुन बमोजिम उठाउनुपर्ने कर राजश्व रोयल्टी दस्तुर तोकिएको समयमै उठाउन प्रभावकारी पहल गर्ने । खासगरि नदिजन्य पदार्थको उत्खनन र विक्री वितरण गर्दा कानुनले तोकेको मापदण्ड पुरा गरेर मात्र आय ठेक्का बन्दोवस्तीको कार्य अगाडी वढाउने ।

८. धानवाली काटीसकेपछी खेतमा पराल तथा खोइला जलाइ वातावरण प्रदुषण हुन गइ मानवीय स्वास्थ्यमा गम्भिर नकारात्मक असर पर्ने भएकोले सम्बन्धित स्थानीय तहले उक्त कार्यलाइ निरुत्साहन गर्ने जो जे गर्नुपर्ने हो आवश्यक प्रभावकारी पहलकदमी लिने ।

९. सबै कार्यालयहरुले तालुक तथा नियमनकारी निकायहरुवाट प्राप्त पत्रको जवाफ समयमै पठाउने र आफ्नो कार्यसँग सम्बन्धित कानुन बमोजिम प्रतिवेदन गर्नुपर्ने दायित्व भएका विषयहरु समयमै प्रतिवेदन गर्ने व्यवस्था मिलाउने ।

१०. कार्यालय प्रमुखहरु लामो समय विदामा नबस्ने । अत्यावश्यक कामले बिदामा वस्नु पर्ने भएमा नियमानुसार वरिष्ठतम कर्मचारीलाइ निमित्त भइ कामकाज गर्न अधिकार दिने र सो को जानकारी प्रमुख जिल्ला अधिकारीलाइ छिटो माध्यमवाट गराउने ।

११. जिल्लास्थित सम्बन्धित नियामक निकायहरुले आफ्नो कार्यक्षेत्रभित्र रहेका नियमन गर्नुपर्ने क्षेत्र (जस्तै- विद्यालय, अस्पताल, स्वास्थ्य संस्था, उद्योग, कारखाना, होटल आदि) को प्रभावकारी अनुगमन तथा निरिक्षण तोकिए बमोजिम नियमित तथा निरन्तर रुपमा गर्ने । अनुगमन तथा निरिक्षणवाट कुनै कैफियत देखिएमा प्रचलित कानुन वमोजिम आवश्यक कार्वाही गर्ने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुपन्देही